**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिकाको पाँचौ नगरसभा नगरसभा कक्षमा २०७६ आषाढ २३ गते सोमवारका दिन दिउसो १:०० बजेदेखि सुरू हुने गरी आब्हान गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा पेश्कि बेरूजु तथा योजना फरफारक समितिको मिति २०७६।०२।२१ को निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लिलावती सिंचाई (बन्जारा गाउँ टौखाल खण्ड) | | २९,००,०००।- | |
| २ | लिलावती सिंचाई (ड्यामबाट साईफन खण्ड) | ८ | २१,००,०००।- | |
| ३ | कुशादेवी क्याम्पस तला थप | ३ | ५०,००,०००।- | |
| ४ | अरूणमार्ग स्तरोन्नती | ४ | ५०,००,०००।- | |
| ५ | गुम्बा सल्मिटार मोटरबाटो | १० | ५,००,०००।- | |
| ६ | पञ्चकन्या सत्यालडाँडा मोटरबाटो | १० | ५,००,०००।- | |
| ७ | षड्भुजी विनायक मन्दिर | ५ | २,००,०००।- | |
| ८ | खेलकुद मैदान निर्माण (बोलखे गाउँ) | २ | १०,००,०००।- | |
| ९ | सुन्थान पानी ट्याङ्की खल्थली मोटरबाटो स्तरोन्नती | ९ | १०,००,०००।- | |
| १० | डाँडागाउँ खल्थली मोटरबाटो | ९ | ५,००,०००।- | |
| ११ | पुण्यमाता करिडोर (०७५।१०।२१ को निर्णय) | | ३०,००,०००।- | |
| १२ | नागेचौर खेल मैदान | ९ | १०,००,०००।- | |
| १३ | नयाँपुल ध्याल्कु आशापुरी मोटरबाटो स्तरोन्नती (प्रदेश) | ३ | ३०,००,०००।- | |
| १४ | खहरेखोला देविस्थान सडक स्तरोन्नती | ६ | २०,००,०००।- | |
| १५ | कुशादेवी चापावोट थाल्याथापे नागी मोटरबाटो निर्माण तथा स्तरोन्नती | २ | ५,००,०००।- | |
| १६ | लज्जावती शहिद पार्क मार्ग | ८ | २०,००,०००।- | |
| १७ | नागेचौर नौविसे ईटे सडक (प्रदेश) | ९ | २०,००,०००।- | |
| १८ | जुगेनी खोल्सा कल्भर्ट निर्माण | ९ | ५०,००,०००।- | |
| १९ | पर्खालचौर सिलिङ्गे चिसापानी मोटरबाटो | १ | २,००,०००।- | |

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

**३. बिबिध :**

क) पनौती नगरपालिका वडा नं. २ र ३ मा बालमैत्री वडा घोषणाको पूर्व तयारीका क्रममा सम्बन्धित वडाले सरोकारवालाहरूको उपस्थितिमा तर्जूमा गरी पेश गरेको दुवै वडाको छुट्टा छुट्टै बालबालिकाहरूका लागि आवधिक र बार्षिक लगानी (आ.व. ०७५/७६ देखि ०७६/७७ सम्म) योजना समर्थन गरी स्वीकृतीका लागि आगामी पाँचौ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

ख) बैकल्पिक सडक निर्माण योजनामा बिनियोजित बजेट मध्येबाट पूर्वाधार मर्मत सुधारमा रू. ३० (तीस) लाख रकमान्तर गर्ने निर्णय गरियो ।

ग) चालु आर्थिक बर्ष ०७५/७६ का लागि बैकल्पिक सडक निर्माण शुल्क, रोडा ढुंगा, ग्रावेल, माटो श्रोत उपयोग विक्रि कर र रोडा, ढुंगा, ग्रावेल माटो निकासी कर संकलनका लागि ठेक्का आव्हान भई सम्झौताका बखत खानीजन्य उत्पादन हुने क्षेत्र आवतजावत गर्ने कच्ची सडक अत्याधिक बर्षादले सडक विग्री भत्कि सवारी आवतजावत गर्न नसक्ने परिस्थिति सृजना भएको अबस्थामा ठेक्का सम्झौता भई संकलन कार्य हुदै आएकोमा ठेक्का सम्झौता भएकै ठेकेद्वार कम्पनीलाई चालु आ.व. कै ठेक अंकमा आगामी आ.व. ०७६/७७ को ०७६ श्रावण महिनाको उल्लेखित शुल्क कर उठाउने जिम्मेवारी दिने निर्णय गरियो ।

घ) काभ्रे कृषि बजार मल्टिपर्पोज प्रा.लि. बनेपा-७, काभ्रेपलाञ्चोकले निर्माणका लागि प्रस्ताव गरेको शित भण्डार काभ्रे जिल्लाका कृषक बर्गको हितका लागि उपयोगी देखिएकोले उक्त योजना निर्माणमा यस नगरपालिकाको सैद्धान्तिक सहमति रहेको ब्यहोरा सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय प्रतिलिपि
उतार
२०७६/०१/२२

प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल

२०७६/०१/२४
**हरि प्रसाद चापागाई**
प्रमुख प्रशासकीय अधिकृत